मिति :- २०८२/०४/३१ गते

समय :- बिहान ठीक ११:०० बजेदेखि

स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको **५१ औं बैठक** नगर प्रमुख श्री पुष्प वादीज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्प बादी | नगर प्रमुख | |
| २ | इश्वरी कुमारी शर्मा (बि.एम.) | उप प्रमुख | |
| ३ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ४ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ६ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ७ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| १० | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| ११ | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| १२ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १३ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | |
| १४ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १५ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १६ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १७ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १८ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १९ | भिमा थापा | कार्यपालिका सदस्य | |
| २० | मिना के.सी. | कार्यपालिका सदस्य | |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २२ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| २३ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| २४ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | |
| २५ | सन्देश गिरी | सचिव | |

## मिति २०८२/०४/३१ गतेको नगर कार्यपालिकाको ५१ औं बैठकमा पेस भएका प्रस्तावहरू

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव। | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने। | |
| २ | खरिद कार्यको दररेट स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को दररेट स्वीकृत गरी कार्यान्वयन गर्ने। | |
| ३ | भुक्तानी दिन बाँकी आयोजनाको रकम भुक्तानी दिने सम्बन्धी प्रस्ताव | साथै बजेटको स्रोत अनुमान गरेबमोजिम समयमै रकम प्राप्त नहुँदा भुक्तानी हुन बाँकी **अनुसूची-१** बमोजिमका आयोजनाहरूको बिल भरपाइसहितका आवश्यक कागजातका आधारमा भुक्तानी गर्ने | |
| ४ | वर्षाका कारण अवरुद्ध मुख्य सडक सुचारु गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिका क्षेत्रभित्र वर्षा भइ बाढी, पहिरोका कारण अवरुद्ध सडकहरू सम्बन्धित वडा कार्यालयको सक्रियता र नगर कार्यपालिकाको कार्यालयसँगको सहकार्यमा यथाशीघ्र मर्मत सम्भार गरी सञ्चालनमा ल्याउने र सहज आवागमनको व्यवस्था मिलाउने। | |
| ५ | वाङ्मय सभा र कार्यकारी समिति सिफारिस समिति सम्बन्धी प्रस्ताव | सिफारिस समितिको सिफारिसबमोजिम वाङ्मय सभा र कार्यकारी समिति गठन गर्ने। | |
| ६ | ज्यालादारीमा नियुक्ति भएका सरसफाइकर्तालाई निरन्तरता दिने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिका बजार क्षेत्रभित्र नियमित रुपमा फोहोर सङ्कलन तथा व्यवस्थापन कार्यका लागि ज्यालादारीमा नियुक्ति भएका सरसफाइकर्तालाई निरन्तरता दिने। | |
| ७ | क्यान्टिन दररेट स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव | अनुसूचीमा उल्लेख भएको क्यान्टिन दररेट स्वीकृत गर्ने। | |
| ८ | विविध समसायिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्ताव | १. चौरजहारी नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापक र प्रहरी कार्यालयहरूलाई इन्धन सुविधा उपलब्ध गराउने। | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल
२०७३

## मिति २०८२/०४/३१ गतेको ५१ औं नगर कार्यपालिकाको बैठकका निर्णयहरू

**निर्णय नं. १ :** प्रस्ताव नं. १ **'यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्विनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो । साथै यस अघिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा, वडा कार्यालय तथा सम्बन्धित निकायहरूलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २** : प्रस्ताव नं. २ **'भुक्तानी दिन बाँकी आयोजनाको रकम भुक्तानी दिने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ मा यस चौरजहारी नगरपालिका रुकुम (पश्चिम) ले सञ्चालन गरेका आयोजनाहरूको स्रोत अनुमानबमोजिम वास्तविक आय प्राप्त नहुनुका साथै बजेटको स्रोत अनुमान गरेबमोजिम समयमै रकम प्राप्त नहुँदा भुक्तानी हुन बाँकी **अनुसूची-१** बमोजिमका आयोजनाहरूको बिल भरपाइसहितका आवश्यक कागजातका आधारमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम १५ बमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** : प्रस्ताव नं. ३ **'खरिद कार्यको दररेट स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्ने प्रावधानबमोजिम यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को दररेट स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ **'वर्षाका कारण अवरुद्ध मुख्य सडक सुचारु गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका क्षेत्रभित्र वर्षा भइ बाढी, पहिरोका कारण अवरुद्ध सडकहरू सम्बन्धित वडा कार्यालयको सक्रियता र नगर कार्यपालिकाको कार्यालयसँगको सहकार्यमा यथाशीघ्र मर्मत सम्भार गरी सञ्चालनमा ल्याउने र सहज आवागमनको व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ५ : प्रस्ताव नं. ५ **'वाङ्मयसभा र कार्यकारी समिति सिफारिस समिति सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिका क्षेत्रभित्र भाषा, साहित्य, संस्कृति र ललितकला, नाट्य, सङ्गीत, ज्ञान विज्ञान क्षेत्रको संरक्षण, संवर्धन र विकासका लागि वाङ्मय कला परिषद्को कार्यकारी समिति र सभा गठन गर्न चौरजहारी नगरपालिकाको वाङ्मय कला परिषद् ऐन, २०८२ को दफा १० बमोजिम तपसिलबमोजिमको सिफारिस समिति गठन गर्ने र उक्त समितिले चौरजहारी नगरपालिकाको वाङ्मय सभा र कार्यकारी समिति २०८२ भाद्र मसान्तभित्र सिफारिस गरिसक्ने गरी जिम्मेवारी दिने निर्णय गरियो ।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

**तपसिल**

१. लालबहादुर बुढा – संयोजक (सामाजिक विकास समिति)

२. हिमसिं नेपाली – सदस्य (कलाकार)

३. टोपबहादुर के.सी. – सदस्य (कलाकार)

४. टीकाजंग ओली – सदस्य सचिव (शिक्षा, युवा तथा खेलकुद शाखा)

**निर्णय नं. ६** : प्रस्ताव नं. ६ **'सरसफाइकर्ता ज्यालादारीमा नियुक्ति गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिकाको बजार क्षेत्रभित्र नियमित रुपमा फोहर सङ्कलन तथा व्यवस्थापन कार्यलाई व्यवस्थित गर्न नगरपालिका कार्यालय आफैंले सङ्कलन तथा व्यवस्थापनको कार्य गर्ने र त्यसका लागि चौरजहारी नगरपालिका-१ रुकुम (पश्चिम) लाले वादी र भूमासरी वि.क. ले गत आर्थिक वर्षदेखि नै निरन्तर रूपले कार्य गर्दै आएकोले आर्थिक वर्ष २०८२/०८३ को मिति २०८२ साउन १ गतेदेखि लागूहुने गरी प्रत्येक महिना बढीमा १५ दिन काम गर्न ज्यालादारीमा सरसफाइकर्ता नियुक्ति गरी नियमित काममा खटाउने निर्णय गरियो ।

**निर्णय नं. ७** : प्रस्ताव नं. ७ **'क्यान्टिन दररेट स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय परिसरमा सञ्चालित क्यान्टिनमा कार्यालय प्रयोजन, कर्मचारी र सेवाग्राहीहरूलाई खाना तथा खाजालाई सुपथ, गुणस्तरीय र एकरुपता कायम गर्न **अनुसूची-२** बमोजिम चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को क्यान्टिन दररेट स्वीकृत गरी लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** : प्रस्ताव नं. ८ को **'विविध समसायिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको कार्य सञ्चालन निर्देशिका र कर्णाली प्रदेश सरकारको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउँने सुविधा ऐन र निर्देशिका बमोजिम र चौरजहारी नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूलाई मासिक १० लिटरका दरले हुन आउने रकम सम्बन्धित विद्यालयहरूको खातामा र शान्ति सुरक्षा प्रदान गर्न खटिने इलाका प्रहरी कार्यालय चौरजहारीलाई मासिक १ सय लिटर, सर्केना प्रहरी चौकीलाई मासिक १० लिटर र नुवाकोट प्रहरी चौकीहरूलाई मासिक ५ लिटर इन्धन सुविधा नगरपालिका कार्यालयबाट प्रदान गर्ने निर्णय गरियो ।

**यसरी आजको बैठक शान्त र सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।**

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल
२०७३

अनुसूची १

(निर्णय नं. २ सँग सम्बन्धित)

**आर्थिक वर्ष २०८१/०८२ को भुक्तानी दिन बाँकी कच्चाबारी**

| क्र.स. | दायित्व सृजना भएको मिति | कारोबार संकेत नं* | खर्च उपशीर्षक | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकी रकम | भुक्तानी बाँकी रहनुको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | |
| १ | 2082-03-24 | | 80659402001 | पदाधिकारी सेवा सुविधा गत आ.व को दायित्व समेत | 2082 जेठ 2081 असारसम्मको भुक्तानी बाँकि | 73 जना पदाधिकारीहरु | 1564000 | रकम अभाव | |
| ३ | 2082-03-24 | | 80659402001 नगरपालिका चालु | इन्धन कार्यालय प्रयोजन | कार्यालय इन्धन प्रयोजन खर्च मिति 2082-03-22 म.ले.प.फा.न.202 अनुसार | भाग्यलक्ष्मी आयल स्टोर | 1383549 | रकम अभाव | |
| ४ | 2082-03-24 | | 80659402001 नगरपालिका चालु | इन्धन कार्यालय प्रयोजन | कार्यालय इन्धन प्रयोजन खर्च | भाग्यलक्ष्मी आयल स्टोर | 341234 | रकम अभाव | |
| ५ | 2082-03-24 | | 80659402001 नगरपालिका चालु | घरभाडा | नुवाकोट स्वास्थ्य चौकी वडा नं.14 | राजन ओली | 64000 | रकम अभाव | |
| ६ | 2082-03-24 | | 80659402001 नगरपालिका चालु | घरभाडा | 03 नं. वडा कार्यालय भवन भाडा | सूलोचना पोखरेल | 36000 | रकम अभाव | |
| ७ | 2082-03-24 | | 80659402001 नगरपालिका चालु | घरभाडा | नगर प्रहरी चेक पोष्ट 8 न वडा | पुष्पा पुन | 18000 | रकम अभाव | |
| ८ | 2082-03-24 | | 80659402001 नगरपालिका चालु | घरभाडा | 14 न. शहरी स्वास्थ्य इकाइ केन्द्र तिमिले | खर्क बहादुर खड्का | 36000 | रकम अभाव | |
| ९ | 2082-03-24 | | 80659402001 नगरपालिका चालु | घरभाडा | 8नं. वडा कार्यालय घर भाडा वापत | तुलाराम सार्की | 79200 | रकम अभाव | |
| १० | 2082-03-25 | | 80659402001 नगरपालिका चालु | विविध | जनज्योति आ.वि. विविध | जनज्योति आ.वि. | 94940 | रकम अभाव | |
| ११ | 2082-03-22 | | 80659402001 विविध खर्च खाता नगर अस्पताल | सशुल्क औषधि खरिद | नगर अस्पतालको लागि सशुल्क औषधि खरिद | सिर्जना मेडिसिन सप्लायर्स | 864888 | रकम अभाव | |
| १२ | 2082-03-24 | | 80659402001 विविध खर्च खाता नगर अस्पताल | सडक बोर्डबाट स्वीकृत शान्तिबजार घर्तिकाडा खागल | सडक बोर्डबाट स्वीकृत पालिकाबाट भुक्तानी सडक बोर्डबाट बाँकि | एम.बि कन्स्ट्रक्सन | 2164712 | सडक बोर्डबाट प्राप्त नभएकव | |
| १३ | 2082-03-24 | | 80659402001 नगरपालिका चालु | सवारी साधन मर्मत | विभिन्न चार पाङ्ग्रे सवारी साधन मर्मत | गनापुर अटो वर्क्स प्रा.लि. | 727423 | रकम अभाव | |
| १४ | 2082-03-24 | | 80659402001 नगरपालिका चालु | तलब शिक्षक | कालापथर विद्यालयको छुट रकम | ज्ञाकुन्ज आधारभुत विद्यालय कालापथर चौ न पा 7 | 26760 | भुलवंश छुट | |
| १५ | 2082-03-24 | | 80659402001 नगरपालिका चालु | स्यालखोला विद्यालयको विभिन्न खर्च | स्यालखोला विद्यालयको विभिन्न खर्च | श्री जनज्योती आधारभुत विद्यालय स्यालखोला 3 | 94940 | रकम अभाव | |
| १६ | 2082-03-25 | | 80659402001 नगरपालिका पुँजीगत | घर्तीकाँडा सडक | सडक ट्याक | जहारीखोला निर्माण सेवा | 150000 | रकम अभाव | |
| **कुल जम्मा** | | | | | | | **7345645** | | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

बौरजहरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बौरजहरी, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल
२०७३

अनुसूची २

(निर्णय नं. ७ सँग सम्बन्धित)

**नगर कार्यपालिकाको कार्यालयभित्र सञ्चालित क्यान्टिनको आर्थिक वर्ष २०८२/०८३ को दररेट**

| क्र.स. | परिकार | इकाइ | दररेट | कैफियत |
|---|---|---|---|---|
| १ | खाना मासु (जिरा मसिनो चामल) | सेट | २५० | |
| २ | खाना लोकल कुखुराको मासु (जिरा मसिनो चामल) | सेट | २५० | |
| ३ | खाना माछा (जिरा मसिनो चामल) | सेट | २५० | |
| ४ | खाना चिकेन (जिरा मसिनो चामल) | सेट | १८० | |
| ५ | खाना अण्डा (जिरा मसिनो चामल) | सेट | १३० | |
| ६ | खाना दही (जिरा मसिनो चामल) | सेट | १३० | |
| ७ | सादा खाना (जिरा मसिनो चामल) | सेट | १०० | |
| ८ | खिचडी | प्लेट | ३० | |
| ९ | चिकेन चाउमिन | प्लेट | १०० | |
| १० | अण्डा चाउमिन | प्लेट | ६० | |
| ११ | चना चाउमिन | प्लेट | ५० | |
| १२ | चाउमिन | प्लेट | ५० | |
| १३ | अण्डा चाउचाउ | प्लेट | ५० | |
| १४ | चना चाउचाउ | प्लेट | ४० | |
| १५ | सादा चाउचाउ | प्लेट | ३० | |
| १६ | मटन मो:मो: | प्लेट | १२० | |
| १७ | चिकेन मो:मो: | प्लेट | १०० | |
| १८ | भेज मो:मो: | प्लेट | ८० | |
| १९ | मटन चिउरा | प्लेट | १२० | |
| २० | चिकेन चिउरा | प्लेट | १०० | |
| २१ | अण्डा चिउरा फ्राइ | प्लेट | ५० | |
| २२ | अण्डा बोयल | गोटा | २५ | |
| २३ | अण्डा अमलेट | गोटा | २५ | |
| २४ | चिकेन लेकपीस | गोटा | १०० | |
| २५ | चिकेन विरयानी | प्लेट | १८० | |
| २६ | मटन विरयानी | प्लेट | १३० | |
| २७ | रोटी मासु (मटन) | प्लेट | १५० | |
| २८ | रोटी मासु (लोकल कुखुरा) | प्लेट | १५० | |
| २९ | रोटी मासु (चिकेन) | प्लेट | १२० | |
| ३० | माछा रोटी | प्लेट | १५० | |
| ३१ | सुख्खा रोटी | गोटा | १० | |
| ३२ | थुप्का भेज | प्लेट | १०० | |

...प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल
२०७३

| क्र.स. | परिकार | इकाइ | दररेट | कैफियत |
|---|---|---|---|---|
| ३३ | चिकेन थुप्का | प्लेट | १५० | |
| ३४ | मटन थुप्का | प्लेट | २०० | |
| ३५ | चिकेन ललिपप | गोटा | २० | |
| ३६ | चिकेन रोस्टा (फुलमा 8 पीस) | प्लेट | १५० | |
| ३७ | मटन रोस्टा (फुलमा ८ पीस) | प्लेट | २०० | |
| ३८ | अण्डा परोठा | गोटा | ४० | |
| ३९ | आलु परोठा दही तरकारी | प्लेट | ७० | |
| ४० | सेलरोटी अचार | प्लेट | २० | |
| ४१ | सेलरोटी | गोटा | १० | |
| ४२ | पुरी तरकारी दही | सेट | ६० | |
| ४३ | पुरी तरकारी | सेट | ४० | |
| ४४ | अण्डा करी | प्लेट | ४० | |
| ४५ | खाजा सेट (चना, आलु, चिउरा र अचार) | सेट | ७० | |
| ४६ | सुख्खा रोटी तरकारी | सेट | ४० | |
| ४७ | समोसा | गोटा | १० | |
| ४८ | छोला समोसा (२ वटा समोसा) | प्लेट | ५० | |
| ४९ | आलु चप (८ वटा) | प्लेट | ३० | |
| ५० | भेज पकौडा (८ वटा) | प्लेट | ३० | |
| ५१ | खिर अचार | प्लेट | ५० | |
| ५२ | जेरी | गोटा | १० | |
| ५३ | नमकिन | प्लेट | ३० | |
| ५४ | दही जेरी (२ वटा जेरी) | प्लेट | ३० | |
| ५५ | दही | गिलास | २५ | |
| ५६ | लस्सी | गिलास | २० | |
| ५७ | दुध | गिलास | २५ | |
| ५८ | दुध कफी | गिलास | ३० | |
| ५९ | कफी | गिलास | २० | |
| ६० | दुध चिया | गिलास | १५ | |
| ६१ | कागती चिया | गिलास | १५ | |
| ६२ | कालो चिया | गिलास | १० | |
| ६३ | चाउचाउ साँधेको(एउटा चाउचाउ,प्याज,कागती र अन्य मसला) | प्लेट | ३० | |
| ६४ | पानी पुरी | (४ वटा पुरी) | १० | |
| ६५ | चना | प्लेट | ३० | |
| ६६ | ग्रिन सलाद | प्लेट | ८० | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

| क्र.स. | परिकार | इकाइ | दररेट | कैफियत |
|---|---|---|---|---|
| ६७ | फ्राइ राइस (भेज) | प्लेट | ७० | |
| ६८ | फ्राइ राइस (अण्डा) | प्लेट | ८० | |
| ६९ | फ्राइ राइस (चिकेन) | प्लेट | १०० | |
| ७० | फ्रुट सलाद | प्लेट | १०० | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख